**यो आकाशवाणी हो। समाचार अबिगेल राईबाट सुन्नुहोस्।**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

- अर्थतन्त्रलाई बलियो बनाउन र रोजगारी सिर्जना गर्न उत्तराखण्डमा वर्षभरी नै पर्यटन प्रवर्द्धन गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको आह्वान
- भारतले एआईको क्षेत्रमा व्यावहारिक र वैधानिक दृष्टिकोण अपनाइरहेको इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवको भनाइ
- प्रगतिशील समाज निर्माण गर्न नागरिकलाई छुवाछुत, जातीय भेदभाव र असमानताबाट मुक्त बनाउनुपर्ने केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीको धारणा
- अनि इन्डियन सुपर लिग फुटबलमा आज साँझ हैदरावाद एफसीले पञ्जाब एफसीसँग प्रतिस्पर्धा गर्दै

**अब समाचार विस्तारमा**

PM – Uttarakhand

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले उत्तराखण्डलाई पूरै वर्ष पर्यटकीय केन्द्र बनाउनु पर्नेमा जोड दिनुभएको छ। उहाँ आज उत्तरकाशीको हार्सिलमा जनसभालाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। राज्यमा हिउँदे पर्यटनको महत्व रहेको उल्लेख गर्दै उहाँले अब राज्यमा वर्षभरि नै पर्यटन मौसम हुने बताउनुभयो।

प्रधानमन्त्रीले जाडो मौसममा राज्यको प्राकृतिक सौन्दर्य उत्कर्षमा पुगे पनि होटल र होम स्टे खाली रहने गरेको बताउनुभयो। यो अवस्था परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याउँदै श्री मोदीले राज्यमा पर्यटनसँग सम्बन्धित पूर्वाधारको विकास भएको उल्लेख गर्नुभयो र चारधाम सडक आयोजना र रोपवे आयोजनाबारे बताउनुभयो। प्रधानमन्त्रीले गौरीकुण्ड–केदारनाथ र गोविन्दघाट–हेमकुण्ड रोपवे आयोजनाले यात्रुलाई ठूलो सुविधा दिने विश्वास व्यक्त गर्नुभयो। उहाँले उत्तराखण्डलाई विवाह समारोहका लागि आकर्षक गन्तव्य राज्यका रूपमा प्रस्तुत गर्न पनि जोड दिनुभयो। प्रधानमन्त्रीले यहाँबाट ट्रेकिङ र बाइकिङ र्‍यालीलाई झण्डा देखाएर प्रस्थान गराउनुभएको थियो।

Aswini – Digital

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले भारत लामो समयदेखि सफ्टवेयर निर्माणमा विश्वव्यापी अगुवा रहेको र अहिले हार्डवेयर निर्माणमा पनि द्रुत प्रगति गरिरहेको बताउनुभएको छ। उहाँले एआईको क्षेत्रमा भारतले व्यावहारिक र प्राविधिक दृष्टिकोण अपनाइरहेको बताउनुभयो। एक राष्ट्रिय दैनिकमा आफ्नो लेखमा उहाँले निर्माणाधीन पाँच सेमीकन्डक्टर संयन्त्रसँगसँगै भारतले विश्वमा इलेक्ट्रोनिक्स क्षेत्रमा आफ्नो स्थिति बलियो बनाउँदै गएको भन्नुभएको छ।

Jaishankar - UK

भारतले विदेशमन्त्री डा एस जयशंकरको बेलायत भ्रमणका क्रममा पृथकतावादी र चरमपन्थीहरूले गरेको सुरक्षा उल्लंघनको निन्दा गरेको छ। विदेश मन्त्रालयले एक विज्ञप्तिमा यसलाई पृथकतावादी र चरमपन्थीहरूको सानो समूहको उत्तेजक गतिविधि भनेको छ। भारतले यस्ता कार्यको निन्दा गरेको र त्यस्ता तत्वले लोकतान्त्रिक स्वतन्त्रताको दुरुपयोग गरेको विज्ञप्तिमा उल्लेख छ । यस्तो अवस्थामा बेलायत सरकारले आफ्नो कूटनीतिक जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्ने कुरामा विदेश मन्त्रालय आशावादी रहेको पनि बताइएको छ ।

Mandaviya – Healthcare

श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले स्वस्थ र तन्दुरुस्त भारत निर्माणमा स्वास्थ्य सेवाको महत्वमाथि जोड दिनुभएको छ। चरक, सुश्रुत र धन्वन्तवारी जस्ता प्राचीन भारतीय चिकित्सा अग्रगामीहरूको ज्ञानलाई उद्धृत गर्दै, उहाँले देशको समृद्ध स्वास्थ्य सेवा विरासतलाई प्रकाश गर्नुभयो । हरियाणाको फरीदाबादमा स्वास्थ्य चुनौती र स्वस्थ जीवनशैली सम्बन्धी सेमिनारलाई सम्बोधन गर्दै डा. मण्डावियाले ध्यान, योग र उपवासलाई स्वास्थ्य सेवाको प्रमुख घटकको रूपमा पनि जोड दिनुभयो।

Gadkari – Mahila Samman

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले प्रगतिशील समाज निर्माण गर्न नागरिकलाई छुवाछुत, जातीय भेदभाव र असमानताबाट मुक्त बनाउनुपर्ने बताउनुभएको छ । नयाँ दिल्लीमा लोकमाता अहिल्याबाई होल्कर महिला सम्मानलाई सम्बोधन गर्दै, श्री गडकरीले कार्यक्रमको उद्देश्य समानतामा आधारित समाज निर्माण गर्नु रहेको बताउनुभयो।। यस अवसरमा स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री अनुप्रिया पटेलले आदर्श महिला-मैत्री ग्राम पञ्चायत पहलको उल्लेख गर्नुभयो। कार्यक्रममा सामाजिक सुधारमा अतुलनीय योगदान पुर्‍याएका ३० जनाभन्दा बढी महिलालाई सम्मान गरिएको थियो ।

Rijiju-Kerala

केन्द्रीय अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले समावेशी विकासलाई प्राथमिकता दिएर देशका अल्पसंख्यक समुदायको कल्याणका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । उहाँले आज केरलाको तिरुवनन्तपुरममा दक्षिणी राज्यहरू र केन्द्र शासित प्रदेशहरूका लागि प्रधान मंत्री जन विकास कार्यक्रमको क्षेत्रीय समीक्षा बैठक र प्रशिक्षण कार्यशालालाई सम्बोधन गर्दै हुनुहुन्थयो।

UP- ISI

उत्तर प्रदेशको कौशाम्बी जिल्लामा आज बिहान, यूपी एसटीएफ र पञ्जाब पुलिसले संयुक्त अभियानमा पाकिस्तानको आईएसआईसँग सम्बन्धित बब्बर खालसा इन्टरनेशनल समूहका सक्रिय आतंककारी लाजरस मसिहलाई पक्राउ गरेको छ। सम्बन्धित अधिकारीले आतंककारी अमृतसरका बासिन्दा भएको जानकारी दिएका छन् ।

Punjab - Raid

यसैबीच पन्जाब प्रहरीले पछिल्लो पाँच दिनमा छापा मार्दा ५ सय ४७ लागुऔषध तस्कर पक्राउ परेका छन् । राज्यमा सञ्चालित लागुऔषध विरुद्धको अभियानको आज पाँचौ दिन हो । छापा मार्ने क्रममा ठूलो परिमाणमा हेरोइन, अफिम र लागूऔषध बरामद गरिएको छ ।

Women’s Day

राष्ट्रपति द्रौपदी मुर्मुले शनिबार अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नयाँ दिल्लीमा आयोजना हुने राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नु हुनेछ। महिला तथा बाल विकास मन्त्रालयले ‘नारी शक्ति से विकट भारत’ भन्ने नाराका साथ सम्मेलन आयोजना गर्न लागेको हो ।

Accident News

राजस्थानको सिरोही जिल्लाको राष्ट्रिय राजमार्ग २७ मा रहेको किभ्राली गाउँ नजिक आज बिहान भएको सडक दुर्घटनामा एकै परिवारका छ जनाको ज्यान गएको छ । गम्भीर घाइते एक महिलालाई सिरोहीको अस्पतालमा भर्ना गरिएको छ। अहमदाबादबाट जालोर जाँदै गरेको गाडी एक ट्रकसँग ठोक्किएको थियो। यसैगरि पञ्जाबको बटालामा गएराति दुईवटा कार ट्र्याक्टर ट्रलीसँग ठोक्किँदा तीन जनाको ज्यान गएको छ भने पाँच जना घाइते भएका छन् ।

IMD

भारतीय मौसम विज्ञान विभागले आज दिल्ली लगायत उत्तरपश्चिम भारतको समतल भूभागमा शक्तिशाली हावा चल्ने पूर्वानुमान गरेको छ । मौसम विभागले अरुणाचल प्रदेश, असम र नागाल्याण्डमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा र हिमपात हुने सम्भावना पनि जनाएको छ।

Sports News

अब खेल समाचारः इन्डियन सुपर लिग फुटबलमा हैदरावाद एफसीले आज साँझ साढे सात बजे हैदरावादमा पञ्जाब एफसीसँग प्रतिस्पर्धा गर्नेछ । हिजो जमशेदपुरमा ओडिशा एफसीले जमशेदपुर एफसीलाई पराजित गरेकोथियो । आइसिसी च्याम्पियन्स ट्रफी क्रिकेटमा गएराति लाहोरमा भएको दोस्रो सेमिफाइनलमा न्युजिल्यान्डले दक्षिण अफ्रिकालाई ५० रनले पराजित गर्दै भारतसँग शिखर भिडन्त तय गरेको छ । भारत र न्युजिल्याण्डबीचको शिखर भिडन्त आइतबार दुबईमा हुँदैछ । खेलो इन्डिया पारा गेम्स 2025 यसै महिनाको 20 तारिखदेखि नयाँ दिल्लीमा सुरु हुँदैछ। खेलमा करिब एक हजार २३० पारा खेलाडीले ६ वटा विधामा प्रतिस्पर्धा गर्नेछन् ।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

- अर्थतन्त्रलाई बलियो बनाउन र रोजगारी सिर्जना गर्न उत्तराखण्डमा वर्षभरी नै पर्यटन प्रवर्द्धन गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको आह्वान
- भारतले एआईको क्षेत्रमा व्यावहारिक र वैधानिक दृष्टिकोण अपनाइरहेको इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवको भनाइ
- प्रगतिशील समाज निर्माण गर्न नागरिकलाई छुवाछुत, जातीय भेदभाव र असमानताबाट मुक्त बनाउनुपर्ने केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीको धारणा
- अनि इन्डियन सुपर लिग फुटबलमा आज साँझ हैदरावाद एफसीले पञ्जाब एफसीसँग प्रतिस्पर्धा गर्दै

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**